(कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०६८ द्वारा स्थापित)

# कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान

KARNALI ACADEMY OF HEALTH SCIENCES

जुम्ला, नेपाल

## आ.व. २०८१/०८२ को सम्पत्ति विवरण बुझाउने सम्बन्धी अत्यन्त जरुरी सूचना

(सूचना प्रकाशित मिति २०८२/०४/०२)

भ्रष्टाचार निवारण ऐन, २०५० को दफा ५० को उपदफा (१) तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३१ (क) र कर्णाली स्वास्थ्य बिज्ञान प्रतिष्ठानको कर्मचारी सेवा शर्त र सुबिधा सम्बन्धी नियमावली २०६९ को परिच्छेद-१४ को नियम १२५ (क) बमोजिम प्रत्येक पदाधिकारी र कर्मचारीले (यस आ.व. मा सेवा निबृत्त भएका कर्मचारी समेत) आर्थिक बर्ष समाप्त भएको मितिले ६० दिन भित्र आफ्नो सम्पत्ति विवरण सम्बन्धित कार्यालय मार्फत राष्ट्रिय सर्तकता केन्द्रको डाटाबेसमा ईन्टी गरि सम्बन्धित मन्त्रालयमा दर्ता गर्नु पर्ने र सम्पत्ति विवरण बुझाउने दायित्व कर्मचारीको हुनेछ भन्ने ब्यबस्था भएकोले कानूनले तोकेको समय सिमा भित्र सम्पत्ति विवरण बुझाउन सबै पदाधिकारी तथा कर्मचारीहरुलाई अनुरोध गरिन्छ।

नेपाल राजपत्र भाग ५ खण्ड ६० संख्या १ मिति २०६७ बैशाख ६ को नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको सूचना बमोजिम सम्पत्ति विवरण फारम भरी खाम बाहिर देहायको ढाँचामा विवरण उल्लेख गरी पठाउनु पर्नेछ।

### सम्पत्ति विवरण बुझाउने खामको बाहिर लेख्ने विवरणको ढाँचा

| | |
|---|---|
| क) कर्मचारीको नाम, थर : | ङ) कार्यरत कार्यालयः |
| ख) पद/दर्जाः | च) मोवाईल नं.: |
| ग) सेवा/समुहः | छ) ईमेल ठेगानाः |
| घ) श्रेणी तहः | |

नन्दराज उपाध्याय
प्रमुख
मानव संसाधन विभाग